

वर्ष २६ । अङ्क १३४ । वि.सं. २०७४ पुस ३ सोमबार । 18 December 2017, Monday । मूल्य रु. ३/- । पृष्ठ ४ । www.bibechana.com

# दैनिक विवेचना

BIBECHANA DAILY

तपाईंको क्षेत्र, तपाईंकै अखबार

**पूर्वाञ्चलमै अलग पहिचानसहित सफल उपचार**



हाम्रा सेवाहरू
- आयुर्वेदिक विशेषज्ञ डाक्टरद्वारा : दैनिक सेवा
- फिजियोथेरापी ओपिडी तथा उपचार सेवा दैनिक
- स्टिम बाथ/रिल्याक्स मसाजथेरापि • पन्चकर्म
- क्षारसुत्र • आयुर्वेदिक औषधि

सम्पर्क : बिर्ता आयुर्वेद एन्ड फिजियोथेरापी सेन्टर
पुरानो यातायात दक्षिण मनकामना कलेज रोड कोल्डस्टोर छेउ
फोन न.०२३-५४१४६६ । मो.न. ९८०६०००३१३

## अर्जुनधारामा नेपालकै पहिलो होलो ब्लक उद्योग





• रमेश समदर्शी

**अर्जुनधारा, पुस २ ।** झापाको अर्जुनधारामा अत्याधुनिक प्रविधिको होलो ब्लक उद्योग सञ्चालनमा आएको छ ।

जर्मनी प्रविधिको स्वचालित मेसिनबाट उत्पादन हुने उक्त उद्योग नेपालकै पहिलो अत्याधुनिक प्रविधि रहेको बताइएको छ । उद्योगको आइतबार अर्जुनधारा नगरपालिकाका मेयर हरिकुमार रानाले उद्घाटन गरे । २०७२ सालमा बिल्डकन इण्डष्ट्रिज प्रालिको नाममा दर्ता भएको यस उद्योगबाट परीक्षण उत्पादन सफलतापूर्वक सम्पन्न गरेको प्रबन्ध निर्देशक तथा युवा उद्यामी नविन गट्टानीले बताए ।

परम्परागत उद्योग तथा प्रविधिबाट चिम्नी जडा गरी माटोबाट इँटा बनाउने उद्योग नेपालमा प्रशस्त भए पनि प्रदूषणरहित उद्योग एउटा मात्र भएको उनको दाबी छ । करिब ४० करोडको लागतमा झापाका ९ जना व्यवसायीको लगानीमा सञ्चालनमा आएको यस उद्योगबाट होलो ब्लक, फ्ल्यास ब्रिक, पेभर्स टाइल्सलगायत पाँच प्रकारका निर्माण सामग्री उत्पादन हुँदै आएको छ ।

'बढ्दो जनसंख्यालाई मध्यनजर गरी प्रदूषणरहित वैकल्पिक उद्योगको स्थापना गर्ने उद्देश्यले बिल्डकन स्थापना गरेका हौँ', प्रबन्ध निर्देशक गट्टानीले भने, 'जमिन अभावसँगै पुराना इँटा भट्टाबाट बाक्लो प्रदूषण उत्पन्न भइरहेकाले पनि वातावरणमैत्री उद्योग सञ्चालनमा ल्याइएको हो ।'

अन्य इँटाभन्दा यस उद्योगबाट उत्पादित इँटालगायत निर्माण सामग्री उच्च गुणस्तरयुक्त, तौलमा कमी, बलियो र सुरक्षित हुनुका सार्थ जोडाइ तथा प्लास्टरमा कम सिमेन्ट प्रयोग

बाँकी पृष्ठ 3 मा

## नेपाल इस्टर्न रिजन क्रिकेट च्याम्पियन



**झापा, पुस २ ।** नेपाल एसीसी यू–१६ इस्टर्न रिजन क्रिकेटको च्याम्पियन बनेको छ । थाइल्यान्डमा आइतबार सम्पन्न फाइनलमा सिंगापुरलाई ७१ रनले हराउँदै नेपालले उपाधि जितेको हो ।

नेपाल अपराजित रहँदै च्याम्पियन बन्न सफल भएको छ । १८४ रनको लक्ष्य पछ्याएको सिंगापुरलाई नेपाली बलरले ३१.५ ओभरमा अलआउट गर्दै ११२ रनमा रोकेको थियो । सिंगापुरलाई लक्ष्यमा पुग्नबाट रोक्न सूर्य तामाङ र अजयकुमार लोनियाले उत्कृष्ट बलिङ गरे । दुवैले समान ३ विकेट लिए ।

सूर्यले ७ ओभरमा १ मेडनसहित २० रन खर्चदा

बाँकी पृष्ठ 3 मा

**अर्जुनधारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कृषि विकास शाखा**
शनिश्चरे, झापा

### फार्म मेशिनरी अनुदानमा माग गर्ने बारेको सूचना

अर्जुनधारा नगरपालिका नगरकार्यपालिकाको कार्यलय, कृषि विकास शाखाको चालु आ.व. २०७४/०७५ को कृषि प्रचारप्रसार कार्यक्रम अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम अनुसार केही साना फार्म मेशिनरी (जस्तै : पावरटिलर, रिपर, मकै छोडाउने विद्युतीय मेसिन, सिँचाई बोरिङ्गका लागि मोटर आदि) कृषि औजार उपकरण ५० प्रतिशत अनुदानमा उपलब्ध गराइने भएकोले यस नगरपालिका क्षेत्रभित्रका इच्छुक कृषक समूह/कृषि सहकारी संस्था /जल उपभोक्ता संस्था / कृषि कम्पनी / कृषि फर्म तथा उद्यमी कृषकहरूले आवश्यक कागजातहरू सहित यही मिति २०७४/०९/१८ गते कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदनसहित पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

१) निवेदनमा रू. १० को हुलाक टिकट टाँस गर्नुपर्ने ।
२) कृषक समूह / कृषि सहकारी संस्था / जल उपभोक्ता संस्था / कृषि फर्म तथा उद्यमीको बैठकको निर्णयको प्रतिलिपी
३) माग गरेको फार्म मेशिनरीको मोटामोटी लागत मूल्यको इस्टिमेट विवरण ।
४) समूह /संस्था /कृषक उद्यमीको दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
५) नगरपालिका, वडा कार्यालयको सिफारिस ।

*नोट : थप जानकारीका लागि अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा, शनिश्चरे झापाको फोन नं. ०२३-४६५५०२ मा सम्पर्क राख्न हुन अनुरोध छ ।*

**– योजना अधिकृत (कृषि)**

## नाता जोडेर लुट्ने पक्राउ

**बिर्तामोड, पुस २ ।** यही मंसिर २७ गते बिहान साढे सात बजे बिर्तामोड बसपार्कमा गाडी चढ्न भनी टिकट लिई गाडीको पर्खाइमा रहेका पाँचथर फाल्गुनन्द १ का ७८ वर्षीय पूर्णबहादुर आङ्देम्बेलाई एकजना अपरिचित युवाले 'मेरो पनि घर तपाईंको सँगै हो' भनेर चिनजान गरे । गफ गर्दै उनले आङ्देम्बेलाई विश्वासमा लिँदै गए । साथमा रहेकी आङ्देम्बेकी नातिनीलाई झोला रूङ्न लगाएर ती युवाले 'चिया खान जाउँ' भने र झुक्याएर एकान्त स्थानमा लगे ।

गाउँले नाति भन्ने भ्रममा आङ्देम्बे ती युवाको पछि लागे । तर, गाउँले भनिएका युवा लुटेरा भन्ने तब खुल्यो जब उनको साथमा रहेको नगद र सुनका गहना लुटिए । नाटकीय रूपमा नाता सम्बन्ध जोडेर लुटपाट गर्ने गिरोह निक्कै सक्रिय रहेको यो घटनाले देखाएको छ ।

**दुई दिनपछि प्रहरी फन्दामा**

तर, प्रहरीको सक्रियतामा लुटपाटमा संलग्न टेकबहादुर हिङ्माङलाई पक्राउ गरिएको छ । हिङ्माङको साथबाट नगद २० हजार र सुनको गहना बरामद गरिएको प्रहरीले जनाएको छ । चार दिनअघि बिर्तामोड बसपार्क क्षेत्रबाट सुनको गहना लुट्ने हिङ्माङलाई प्रहरीले दुई दिनपछि पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय अनारमनीका प्रमुख डिएसपी कृष्ण कोइराला लुटेरहरूले शैली परिवर्तन गर्दै लुट्ने गरेकाले नागरिकलाई सजग रहन आग्रह गर्छन् ।

हिङ्माङले आङ्देम्बेको सुनको

बाँकी पृष्ठ 3 मा

**नेल आर्ट र व्यूटीसियन ट्रेनिङमा निः शुल्क भर्ना**

**CTEVT बाट मान्यताप्राप्त २३ वर्षदेखि नेपालकै एक मात्र अन्तर्राष्ट्रिय व्यूटीसियन कोर्षहरुमा काठमाडौंका ब्यूटिसियनहरुद्वारा प्रशिक्षण गराइन्छ । Basic, Advance Diploma, Beautician , Teacher's Trainning, Nail Art Technician, Mehandi, Skin Care, Hair Cutting, Facial र अन्य विधि Short Special कोर्षहरुका सीमित सिटमा रोजगारीको अवसरसहित भर्ना खुल्यो ।**



**नोट : UK, America, Australia, Europe तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष सञ्चालन भइरहेका छन् ।**

**ITC प्रशिक्षण केन्द्र**
शाखा : बिर्तामोड, शनिश्चरे रोड (०२३-५४६५२९, ९८४२१४२७७३)
डिल्लीबजार हुलाक अगाडि ०१-४४१३९५८, शाखा इटहरी धरानरोड ( ०२५-५८७१७५)



**खासखुस**

"पारिवारिक क्याफेमा पसेर बर्दीको आडमा बिना कारण होटल कर्मचारीलाई होच्याएर बोलेपछि पुलिसलाई वरिपरिकाले घुरेर हेरे अरे पो भन्छन् त !"

"हो र ?"

**भिजन हाउजिङ**
जग्गा खरिद बिक्री गर्नु परेमा सम्पर्क
९८५२६७७२२२/९८०२६७७२२२
९८०४९१७०५५

**प्रदीप फार्मेसीमा गर्भवती महिलालाई निःशुल्क भिडियो एक्सरे सेवा**

यस प्रदीप फार्मेसीमा गर्भवती महिलाका लागि यही पुस १० गतेसम्म निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिने भएको हुँदा मौकाको फाइदा उठाउनुहोस् ।

**दैनिक भिडियो एक्स-रे सेवा बिहान ८ देखि बेलुकी ५ बजेसम्म**

रेडियोलोजिस्ट
डा. प्रमोदकुमार शाह

**प्रदीप फार्मेसी**
बिर्तामोड । ०२३-५४३७९५

**शिवसताक्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
व्याङ्डाँडा, झापा (१ नम्बर प्रदेश, नेपाल) । फोन नं. ०२३-४७०३२३

### आवश्यकता

*प्रथम पटक प्रकाशित मिति : २०७४/०९/०३*

यस नगरपालिकाका लागि देहाय बमोजिमका पदमा २०७५ आषाढ मसान्त सम्मका लागि करार सेवा नियुक्ती गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरूबाट शिवसताक्षी नगरपालिकाद्धारा स्वीकृत दरखास्त फारम भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वकको दरखास्त आव्हान गरिन्छ ।

**क) पदको विवरण :**

| विज्ञापन नं. | पद | पद संख्या | न्यूनतम् शैक्षिक योग्यता | दरखास्त शुल्क |
|---|---|---|---|---|
| ०१–०७४/७५ | सूचना प्रविधि अधिकृत (IT Officer) | १ (एक) | लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communication Technologies वा सो सरहको विषयहरूमध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIMJ, BBIS, BCA, BCIS, BEIT, BScIT, BScCSIT) उपाधि प्राप्त गरेको (नेपाल बाहिरको प्रमाण-पत्र भए नेपालको विश्वद्यिालयबाट समकक्षता निर्धारण गरिएको प्रमाणपत्र), कार्य अनुभव भए अनुभवको प्रमाणपत्र । | रू. १०००।– |
| ०२–०७४/७५ | सव–इन्जिनियर | २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण | रू. ७००।– |
| ०३–०७४/७५ | अ.सव–इन्जिनियर | ३ (तीन) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा एस.एल.सी. वा सोसरह उत्तीर्ण वा सिभिल इन्जिनियरिङ विषयमा CTEVTबाट १५ महिने तालिमको प्रमाणपत्र भएको । | रू. ४००।– |

**ख) दरखास्त दिने स्थान :** शिवसताक्षी नगरपालिकाको कार्यालय व्याङडाँडा झापा

**ग) दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरू :** (१) ब्यक्तिगत विवरण (२) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि (४) दरखास्त दस्तुर बुझाएको नगदि रसिद । (उल्लेखित प्रमाणपत्रका प्रतिलिपिहरू स्वयम् प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्नेछ तथा अन्तरवार्ताको दिन सक्कलै प्रमाणपत्र लिएर आउनु पर्नेछ ।)

**घ) उमेरको हद :** दरखास्त बुझाउने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तथा महिला र अपाङ्ग उम्मेदवारको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**ङ) छनौट प्रक्रिया :** छोटो सूची (Short List) विधि तथा आवश्यकताअनुसार प्रयोगात्मक परीक्षा र अन्तरवार्ता हुनेछ ।

**च) सेवा सुविधा :** वि.नं. ०१-०७४/७५ को तलब मासिक रू. ४०,०००/- (चालीस हजार मात्र) र अन्य वि. नं. को हकमा प्रचलित नियमानुसार हुने ।

**छ) दरखास्त फारम :** यस कार्यालयको वेबसाइट www.shivasatakshimun.gov.np तथा यस कार्यालयबाट प्राप्त गर्न सकिने छ । रीतपूर्वक दरखास्त फारम भरि स्वयं आफै उपस्थित भई वा नपा को Email : dms.shivasatakshimun@gmail.com मा पठाउनु पर्ने छ । रीत नपुगी आएको वा म्याद नाघी आएको दरखास्त उपर कुनै कार्यवाही हुने छैन

**द्रष्टव्य :** विस्तृत जानकारीका लागि शिवसताक्षी नगरपालिकाको वेबसाइट www.shivasatakshimun.gov.np मा हेर्न हुन तथा यस कार्यालयको फोन नं. ०२३४७०३२२ र ४७०३२३ मा सम्पर्क राख्न सकिनेछ ।

**– प्रशासकीय अधिकृत**

### निःशुल्क आधारभूत पत्रकारिता तालिम सम्बन्धी सूचना

विवेचना दैनिकको वार्षिक कार्ययोजनाअनुरूप यही मिति २०७४ साल पुस १२ गतेदेखि झापाका प्रत्येक स्थानीय तहमा १ दिने निःशुल्क आधारभूत पत्रकारिता तालिम सञ्चालन गर्ने कार्यक्रम तय भएको हुँदा देहाय बमोजिमका योग्यता पुगेका नेपाली नागरिकले तल उल्लेखित ठेगानामा निवेदन बुझाउन हुन अनुरोध गरिन्छ । पहिलोपटक झापाको शिवसताक्षीबाट तालिम सुरू हुनेछ । त्यसपछि क्रमैसँग अन्य स्थानीय तहमा तालिमको आयोजना हुने र सोको जानकारी विवेचना दैनिक पत्रिका, विवेचना अनलाइन र विवेचनाको अफिसियल फेसबुक पेजमा प्रकाशन गरिनेछ ।

**सर्त तथा जानकारी**

- प्रत्येक स्थानीय तहबाट बढीमा ४५ जनालाई तालिममा सहभागी गराइनेछ ।
- नगर वा गाउँपालिकाको प्रत्येक वडाबाट कम्तिमा २ जना महिला पर्ने गरी ४ जनालाई सहभागी गराइनेछ ।
- एक वडावाट ४ भन्दा बढी आवेदन पर्न गएमा विवेचना दैनिकको सम्पादन समूहले छनोट गर्नेछ । सहभागी छनोटकको सम्पूर्ण अधिकार विवेचना दैनिकमा निहित हुनेछ । छनोटको आधार – हस्त लिखित निवेदन, शैक्षिक योग्यताको प्रमाणपत्र लगायत हुने छन् ।
- स्थानीय तहका कम्तीमा पाँचवटा सामाजिक संघसंस्थाका प्रतिनिधिलाई पनि सो तालिममा सहभागी गराइनेछ । एक संस्था १ व्यक्ति तालिममा सहभागी हुनेछन् ।
- तालिममा सहभागी सबैले प्रमाणपत्र पाउनेछन् ।
- तालिममा सहभागी हुनेले कुनै पनि शुल्क भुक्तानी गर्नुपर्ने छैन ।

**आवश्यक कागजात**

१) नेपाली नागरिकताको प्रतिलिपि ।
२) न्यूनतम प्रवेशिका परीक्षा उत्तीर्ण गरेको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि ।
३) तालिममा सहभागी हुने व्यक्तिले आफैँ लेखेको निवेदन ।
४) पासपोर्ट साइजको दुईप्रति फोटो ।
५) सामाजिक संघसंस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६) संस्थाले तालिममा सहभागी गराउन चाहेको व्यक्तिको सिफारिस र सो व्यक्तिको उक्त संस्थामा हैसियत ।
७) दरखास्त **०७४ साल पुस १० गते**भित्रमा फायल गरी तल उल्लेखित स्थानमा बुझाउनु होला ।

- **पाथिभरा बुक्स एन्ड स्टेसनरी, झिलझिले, फोन नम्बर ०२३ ४७०३००, ९८५२६७६६७६**
- **मनकामना कम्प्युटर इन्स्टिच्युट, दुधे, फोन नम्बर ०२३ ४७०५२०**
- **शिवसताक्षी नगरपालिकाको सबै वडा कार्यालय**
- **विवेचना दैनिकको कार्यालय, बिर्तामोड (झापा) ०२३ ५४६४१०**

तालिम संयोजक : **विनोद सापकोटा**

# ‘बल्ने ढुङ्गा’ देखाएर ठग्ने गिरोह ९० लाखसहित पक्राउ

**इलाम, पुस २ ।** ठगिएको ठूलो रकमसहित पक्राउ परेका पाँचजनालाई जिल्ला प्रहरी कार्यालयले आइतबार सार्वजनिक गरेको छ ।

आफूसँग भएको बल्ने ढुङ्गा अमेरिकामा बिक्री हुने भन्दै व्यवसायीबाट लिएको ९० लाख १० हजार रकम, तीन थान पेस्तोल र त्यसको आठवटा गोलीसहित पाँचथर फाल्गुनन्द-१ का ३२ वर्षका राजबहादुर तामाङ, सोही गाउँपालिका-४ का ४४ वर्षीय रूद्रकुमार नेम्वाङ, वडा नम्बर ६ का ६० वर्षीय योगेन्द्रप्रसाद आङ्देम्बे, फिदिम नगरपालिका-१० याङ्नामका ३३ वर्षका भय विक, फालेलुङ गाउँपालिका-८ का ५४ वर्षीय महेन्द्रकुमार दर्जीलाई प्रहरीले पक्राउ गरेर सार्वजनिक गरेको हो ।

घटनाका मुख्य योजनाकार रहेका तामाङले आफूसँग भएको बल्ने ढुङ्गा अर्बौं रूपैयाँमा बिक्री हुने प्रलोभनमा पारेर व्यवसायीलाई चार करोडमा दिने सहमति गरेका थिए । फिदिमका व्यवसायी तारा भट्टराई, डिल्ली ढुङ्गाना र फाल्गुनन्द गाउँपालिकाका राजेन्द्र रिजाललाई ढुङ्गा किन्नका लागि राजी बनाएर दुई करोड ५७ लाख ५८ हजार रूपैयाँ लिएको व्यवसायीले दिएको जाहेरीमा उल्लेख छ । उनीहरूले ६० लाख रूपैयाँ पर्ने जग्गासमेत तामाङले लिएको दाबी गरेका छन् ।

व्यवसायीले ढुङ्गा आफूहरूलाई दिन या रकम फिर्ता गर्न भनेपछि तामाङले ढुङ्गा लिन व्यवसीहरूलाई इलाम बोलाएर लुटपाटको अभिनय गरेको प्रहरीले बताएको छ । लुटपाटको नाटकपछि तामाङले नै प्रहरीलाई सूचना दिएका थिए । सुरुमा सामान्य रूपमा लिएको घटना भएको स्थाननजिकै तीनथान पेस्तोल र गोली बरामद भएपछि प्रहरीले सूक्ष्म अनुसन्धान गरेको थियो ।

तिल्नेकी नजिकै फेला परेको तीनथान पेस्तोलमध्येको दुईथान पेस्तोल योजनाकार तामाङको रहेको प्रहरीले जनाएको छ । प्रहरीले उनी माओवादीका पूर्वलडाकु भएको जनाएको छ । उनले जनयुद्धकै बेलामा दुईवटा पेस्तोल आफूले लुकाएर राखेको स्वीकारेको प्रहरीले बताएको छ । घटनामा प्रयोग गरिएको अर्को एउटा पेस्तोल भने उनीहरूले झापाबाट किनेको बताएका छन् ।

झापाका व्यवसायीबाट हतियार किनेको बयान दिएपछि प्रहरीले झापा बिर्तामोडको एक व्यवसायीलाई समेत नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ । झापा बिर्तामोडका कुशल राईलाई पक्राउ गरेर अनुसन्धान थालिएको अञ्चल प्रहरी कार्यालय मेचीका प्रहरी प्रमुख एसएसपी पिताम्बर आधिकारीले जानकारी दिए ।

घटनामा अरू पनि संलग्न हुनसक्ने प्रहरीको अनुमान छ । पक्राउ परेका पाँचजनालाई ठगी र डाँका र हातहतियार खरखजना सम्बन्धी मुद्दा दर्ता गरिएको छ । ठगिने व्यवसायीको रकमको स्रोत पनि खोजी गर्ने प्रहरीले जनाएको छ ।

# दाइजो नल्याएको भन्दै यातना



**उर्लाबारी, पुस २ ।** देशका धेरैजसो स्थानमा दाइजोविरोधी विवाह भइरहेका बेला मोरङको उर्लाबारीमा भने दाइजो नल्याएको भन्दै एक महिला घर निकाला भएकी छिन् । विवाह गरेर ल्याएको ७ महिनामा नै उर्लाबारी-२ भुसीकी गीता पौडेल घर निकाला भएकी हुन् । १८ वर्षीय गीताको गत बैशाखमा चन्द्रबहादुर पौडेलसँग विवाह भएको थियो ।

एसइइ दिएर उच्च शिक्षाको तयारीमा रहेकी गीतालाई पौडेलका बुवा तुलबहादुरलगायत घरपरिवारले विवाहको समयमा दाइजो नचाहिने बताएका थिए । तर, असारमा तुलबहादुरको निधन भएपछि सासू र पतिले उनलाई मानसिक यातना दिन थालेका थिए । पौडेल परिवारले उनलाई यातना दिनुका साथै भैंसीगोठमा राखेका थिए । पीडित गीतालाई माइतमा फोन सम्पर्क गर्न नदिने, धम्क्याउने, कुटपिट गर्ने गरेको बताइन् । उनले आफूलाई अन्याय भएको भन्दै न्यायका लागि पहल गरिदिन आग्रह गरिन् ।

छोरीलाई घर निकाला गरेर पशुसरह गोठमा राखिएको खबरपछि माइतीपक्ष पुग्दा उनीहरूमाथि नै घरपरिवारले विभिन्न लाञ्छना लगाएको पीडित पक्षको भनाइ छ । गीता हाल उर्लाबारी-४ स्थित माइतमा आश्रय लिएर बसेकी छन् ।

# विभागको टोलीले गर्‍यो प्रतिष्ठानको निरीक्षण



**झिलझिले, पुस २ ।** दुई दशकअघि स्थापना भएको झापाको शिवसताक्षी-११ झिलझिलेस्थित गणेशमानसिंह अध्ययन प्रतिष्ठान प्राविधिक तथा व्यावसायिक शिक्षालयले मुर्तरूप पाउने भएको छ ।

आर्थिक अभावका कारण निष्क्रियजस्तै बनेको सो प्रतिष्ठानको आइतबार नेपाल सरकारको स्वास्थ्य मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवा विभागको केन्द्रीय टोलीले अध्ययन तथा स्थलगत निरीक्षण गर्‍यो । सो टोली प्रतिष्ठानको निरीक्षण र भौगोलिक अवस्था बुझ्न मात्र झापा आएको हो । प्रतिष्ठानको पूर्वाधार निर्माण गर्ने हेतुले सो टोली झापा आएको हो । टोलीमा स्वास्थ्य सेवा विभागका उपमहानिर्देशक चूडामणि भण्डारी, स्वास्थ्य विभाग व्यवस्थापन महाशाखाका निर्देशक डा. भीमसेन किङ्करी, उपस्वास्थ्य प्रशासक डा. अर्जुन सापकोटा, सहरी विकास तथा भवन निर्माणका इन्जिनियर विवेक सिग्देल लगायतको सहभागी थियो ।

सो टोलीले प्रतिष्ठानका अध्यक्ष सन्तोष मेन्याङ्बो, कार्यवहाक अध्यक्ष गणेश प्रधान लगायत बोर्ड पदाधिकारीसँग दुई दिनदेखि छलफल गरेको थियो । पूर्वपश्चिम राजमार्गसँग जोडिएको १० बिघा जग्गा प्रतिष्ठानको स्वामित्वमा छ । पटकपटक सरकारका स्थानीय तहदेखि केन्द्रीय तहसम्म प्रतिष्ठानले अस्पताललगायतका अन्य पूर्वाधार निर्माणमा सहयोग पुर्‍याउन गरेको पछिल्लोपटकको आग्रह भने खेर नगएको प्रतिष्ठानका कार्यवहाक अध्यक्ष गणेश प्रधानले बताए ।

प्रतिष्ठानको निरीक्षणका लागि आएको स्वास्थ्य क्षेत्रका विज्ञ र प्राविधिकसहितको टोलीमा सहभागी डा. अर्जुन सापकोटाले गणेशमानसिंह अध्ययन प्रतिष्ठान प्राविधिक तथा व्यावसायिक शिक्षालयमा प्रदेशस्तरकै अस्पताललगायतका पूर्वाधार निर्माणका लागि योग्य र पायक पर्ने स्थान भएको बताए । गणेशमान सिहंका नाममा स्थापना गर्न लागिएको अस्पतालका लागि आवश्यक फायल तयार गरी तत्काल केन्द्रमा पठाउन पनि सो टोलीले प्रतिष्ठानका पदाधिकारीलाई जानकारी गराएको छ ।

# समानुपातिकमा एमालेलाई ४१, कांग्रेसलाई ४० सिट

**झापा, पुस २ ।** मंसिर १० र २१ गते सम्पन्न प्रतिनिधि र प्रदेश सभा निर्वाचनअन्तर्गत समानुपातिकतर्फको पनि मतगणना समाप्त भएको छ । यसअनुसार प्रत्यक्षतर्फ १६५ मा ८० स्थान जितेको एमालेले समानुपातिकतर्फ थोरैमात्रै मतले कांग्रेसलाई उछिनेको छ ।

एमालेले ४८ हजार १८७ मतले कांग्रेसलाई उछिनेको छ । एमालेले ३१ लाख ६४ हजार ४०६ मत प्राप्त गरेको छ भने कांग्रेसले ३१ लाख १७ हजार ०७९ मत प्राप्त गरेको छ । तेस्रोमा रहेको माओवादी केन्द्रले १२ लाख ९८ हजार ३९० मत प्राप्त गरेको छ । चौथो र पाँचौंमा मधेसवादी दल बनेका छन् ।

ववेकशील साझा, नयाँ शक्ति र यसअघि संसदमा प्रतिनिधित्व गरेका कुनै पनि दलले थ्रेसहोल्ड कटाउन सकेनन् । प्राप्त परिणामलाई सन्ट-लग मेथडअनुसार एमालेले समानुपातिकमा ४१ सिट, कांग्रेसले ४०, माओवादी केन्द्रले १७ र राजपा, संघीय समाजवादी फोरम, नेपालले ६-६ सिट पाउँछन् ।

१०० जनालाई ज्ञानज्योति SCHOLARSHIP

के तपाईं Computer / Language को
क्षेत्रमा दक्ष बन्न चाहनुहुन्छ ?

PACIFIC EDUCATION FOUNDATION को सक्रियतामा **देवी क्याम्पस स्ववियु, नेपाल आदिबासी जनजाति महासंघ (नेफिन) र दलित वर्ग उत्थान नगर समन्वय समिति, बिर्तामोड**को बहुपक्षीय सहकार्यमा सदा वर्षझैं यस वर्ष पनि १०० जनालाई Computer र English Language को कक्षाहरूमा छात्रवृत्ति प्रदान गरिने हुँदा इच्छुकले सम्पर्क गनुहोस् ।

पूर्ण कोटाहरु
दलित, आदिबासी - २० जना
अनाथ, असहाय, अपाङ्ग - २० जना
एकल महिला द्वन्द्वपीडित - १० जना
गरीब तथा जेहेन्दार - २० जना
अन्य कोटाका लागि - ३० जना

SCHOLARSHIP
100% (१० जनालाई)
80% (२० जनालाई)
70% (३० जनालाई)
60% (४० जनालाई)

फर्म भर्ने अन्तिम मिति
२०७४ पुस २० गते
अन्तरवार्ता हुने मिति
पुस २२ गते शनिबार

कोर्सहरु (Computer Training)
• Computer Operator - I and II • Graphic Designing
• Prof. Accounting • A+ Hardware
• Hardware Engineering • Laptop Repairing
ENGLISH LANGUAGE COURSE

फर्म शुल्क रु. १००/-

फर्म पाइने स्थान
प्यासिफिक एजुकेसन फाउन्डेसन
शनिश्चरेरोड, बिर्तामोड
देवी क्याम्पस स्ववियु बिर्तामोड
नेपाल आदिबासी जनजाति महासंघ (नेफिन)
नगर समन्वय समिति बिर्तामोड

PACIFIC
EDUCATION FOUNDATION PVT. LTD.
Opposite of Everest Bank, Shanischare Road
Birtamode, Ph . 9842789425 | 9816958587
9806055543 | 9815907778

राहदानी हराएको सूचना

मिति २०७४ मंसिर ४ गते चन्द्रगढीबाट बिर्तामोड जाने क्रममा मेरो निम्न बेहोरा भएको राहदानी हराएकोले पाउनु हुने महानुभावले ९८६०१५१३०४ नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।
नाम : सिर्जना बुढाथोकी
ठेगाना : भद्रपुर-६, झापा
राहदानी नं. : ०८०५२२०५

# राजघाट, बिर्तामोड र पूर्वाञ्चल भेट्रान विजयी

**पाडाजुँगी, पुस २ ।** कमल गाँउपालिका-५ स्थित गुहेश्वरी खेल मैदानमा जारी रहेको चौथो अन्तर्राष्ट्रिय भेट्रान फुटबल प्रतियोगितामा मोरङको राजघाट, झापाको बिर्तामोड र पूर्वाञ्चल भेट्रान क्लब विजयी भएका छन् ।

आइतबार भएको पहिलो खेलमा भारत केरलाको पाहुना टिम जिमखना फुटबल क्लबलाई हराउँदै मोरङको राजघाट भेट्रान क्लब विजयी भयो । राजघाट शून्यका विरूद्ध ३ गोल गरी दोस्रो चरणमा प्रवेश गर्न सफल भएको थियो । ३ गोलमध्ये सञ्जीव बुढाथोकीले १ गोल गरे भने चरन गुरूङले थप २ गोल गरेका थिए । खेलको म्यान अफ दि म्याच जिमखना फुटबल क्लबका अब्दुल कलाम घोषित भए ।

दोस्रो खेलमा सिएमजी विराटनगरलाई हराउँदै बिर्तामोड भेट्रान क्लब विजयी भएको छ । बिर्तामोडले शून्यका विरूद्ध १ गोल गरी आफ्नो जित यात्रा सुरक्षित गरेको हो । निर्णायक गोल बिर्तामोडका गणेशकुमार लिम्बुले गरेका थिए । जितसँगै बिर्तामोड सेमिफाइनलमा प्रवेश गरेको छ । खेलको म्यान अफ दि म्याच विजेता टिमका गणेशकुमार लिम्बु भए ।

तेस्रो खेलमा इलाम भेट्रान क्लबलाई हराउँदै पूर्वाञ्चल भेट्रान क्लब सेमिफाइनलमा प्रवेश गरेको छ । पूर्वाञ्चलले इलामलाई शून्यका विरूद्ध १ गोल गरी सेमिफाइनलको यात्रा पक्का गरेको हो । पूर्वाञ्चललाई जित दिलाउन लक्ष्मी लिम्बुले मध्यान्तरअघि १ गोल गरेका थिए । खेलको म्यान अफ दि म्याच विजयी टिमका गोलकर्ता लिम्बु घोषित भएका थिए । म्यान अफ दि म्याच तीनै खेलाडीलाई नगद, ट्रफी तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

# तीन महिने तालिम सम्पन्न

**दुर्गापुर, पुस २ ।** झापाको कनकाई नगरपालिकास्थित दुर्गापुरमा इलेक्ट्रोनिक्स मर्मत सम्बन्धी तीन महिने तालिम आइतबार सम्पन्न भएको छ ।

नेपाल उद्यमशील महिला संघ झापाको आयोजना र व्यावसायिक तथा सीप विकास तालिम केन्द्र भद्रपुरको सहयोगमा आयोजना भएको निःशुल्क तालिम आइतबार सम्पन्न भएको हो । नेपाल उद्यमशील महिला संघ झापाकी अध्यक्ष पार्वता खरेल विमलीको अध्यक्षता र कनकाई उद्योग वाणिज्य संघका अध्यक्ष कुमारमणि पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाल उद्यमशील महासंघकी सचिव मेनुका मैनाली, लायन्स क्लब अफ बिर्तामोडका अध्यक्ष ओम विमली, सुरूङ्गा रेडक्रसका सभापति प्रविण तिम्सिना, अशोक काफ्ले, सरस्वती श्रेष्ठ, सहभागीका तर्फबाट सिर्जना न्यौपाने, सञ्जीव चुडाललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

२२ जना युवाको सहभागिता रहेको तालिमका प्रशिक्षक केदार भण्डारीले तीन महिनासम्म सहजीकरण गरेका थिए । कार्यक्रममा सहभागीहरूलाई प्रमाणपत्र समेत वितरण गरिएको थियो । भीमा शिवाकोटीले स्वागत गरेको कार्यक्रमको सञ्चालन सावित्रा दाहालले गरेकी थिइन् ।

कतारमा Berger King Restaurant मा Waiter का लागि रोजगारको सुवर्ण अवसर

AL Jasim Group कम्पनी अन्तर्गतको Berger King and Apple Bees
कतारबाट नेपाली कामदारको माग भई आएको हुनाले यथाशीघ्र तल उल्लेखित ठेगानामा अन्तरवार्ताको लागि आफ्नो कागजातसहित सम्पर्क राख्नुहोला ।

पूर्व स्वीकृति मिति : २०७३/११/३० | चलानी नं. : ९६९८ | LT NO. 175335

| सि.नं. | कामदारको पद | माग | मासिक तलब | काम | खान/बस्न | करार |
|---|---|---|---|---|---|---|
| 1. | Waiter | 40 | 1400 QR | ८ घण्टा २६ दिन | छ | २ वर्ष |
| 2. | Waiteress (Female) | 20 | 1400 QR | | | |

NOTE : ड्राइभरको बेसिक मासिक तलब 1800+OT+Delivery Tips गरेर मासिक QR 3000 हुनेछ ।
Qatar को Light License भएकालाई प्राथमिकता दिइनेछ । उमेर 18 देखि 28 वर्षसम्मको हुनुपर्नेछ ।

फाइनल अन्तरवार्ता पुस ४ गते मंगलबार बिर्तामोडमा हुनेछ ।

Winbond Overseas Pvt. Ltd. Basundhara, Khatmandu
बिर्तामोड (अतिथि सदन रोड) सम्पर्क : 9815991008 / 9804988564 / 9807924449

पार्लर बिक्रीमा

बिर्तामोड अतिथि सदनरोडमा १० वर्षदेखि सञ्चालनमा रहेको पार्लर बिक्रीमा रहेकोले पार्लर चलाउन इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

बेरिना व्युटी पार्लर
सम्पर्क : 9842731723 | 9807966420

# नवनिर्वाचित सांसदलाई सम्मान



**मेचीनगर, पुस २ ।** प्रतिनिधि तथा प्रदेशसभाका सांसदहरूलाई आइतबार नेपाल बहुउद्देश्यीय सहकारी संस्थाले सम्मान गरेको छ । क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभामा विजयी सांसद् सुरेन्द्रकुमार कार्की तथा प्रदेशसभा सांसदद्वय श्रीप्रसाद मैनाली र गोपालचन्द्र बुढाथोकीलाई सम्मान गरिएको हो ।

संस्थाद्वारा सञ्चालित एनएमसी डेरी उद्योगको सभाकक्षमा आयोजित कार्यक्रममा संस्थाका अध्यक्ष रामचन्द्र उप्रेतीसहित सञ्चालक सदस्यहरूले नवनिर्वाचित सांसदहरूलाई फूलमाला खादासहित मायाको चिनो प्रदान गरेका थिए । कार्यक्रममा बोल्दै नवनिर्वाचित सांसद् सुरेन्द्रकुमार कार्कीले अब नेपाललाई साँच्चै कृषिप्रधान मुलुक बनाएरै छाड्ने उद्घोष गरे । उनले प्रदेश नम्बर १ मा डेरी पाउडर उद्योग स्थापनाका लागि सरकारले अनुदान दिनुपर्ने बताए । यसका लागि हरेक डेरी उद्योगहरू सरकारसँग सहकार्य गरेर अघि बढ्ने उनले बताए ।

सहकारी संस्थाका उपाध्यक्ष लक्ष्मीप्रसाद उप्रेतीले सहकारीको र एनएमसी डेरी उद्योगका प्रबन्ध निर्देशक श्याम मिश्रले डेरीको विगत, वर्तमानको अवस्था तथा भावी योजनाका बारेमा जानकारी गराएका थिए । संस्था सञ्चालक सदस्य नारायणप्रसाद कोइरालाले स्वागत गरेका थिए ।

## विवेचनाका ग्राहक तथा बजार प्रतिनिधिहरुका लागि सूचना

**विवेचना दैनिक २०७३ साउनदेखि पुनः प्रकाशन सुरु भई हालसम्म निरन्तर प्रकाशित हुँदै आएको छ । यसबीच विवेचना दैनिकको ग्राहक शुल्क कतिपय स्थानमा उठाउन बाँकी नै रहेको छ । आदरणीय ग्राहक तथा शुभचिन्तकहरुले विवेचनाको ग्राहक शुल्क बुझाउँदा विवेचना दैनिकको आधिकारिक स्टाम्प लागेको बिल अनिवार्य रुपमा बुझिलिनुहुन अनुरोध छ । र, विवेचनामा आबद्ध रहेर काम गरिरहनु भएका बजार प्रतिनिधि तथा वितरकहरुले विवेचना दैनिकको कार्यालयबाट ग्राहक रसिद लिई ग्राहकबाट रकम भुक्तानी लिंदा अनिवार्य बिल दिनुहुन सूचित गर्दछौं । कहीं कतै बिना बिल ग्राहक रकम उठाइएको भए विवेचना दैनिकको कार्यालयमा सम्पर्क गरिदिनुहुन ग्राहकहरुमा अनुरोध गर्दछौं । संस्थागत बिल बिना कारोबार गरेर दुःख नपाउनु हुन आदरणीय ग्राहक एवम् बजार प्रतिनिधिमा जानकारी गराउँदछौं । साथै, यही पुस १ गतेबाट ग्राहक रकम भुक्तानीका लागि विवेचनाका प्रतिनिधि तपाईंकहाँ आउनुहुने समेत सम्पूर्ण ग्राहकहरुमा जानकारी गराउँदछौं । ग्राहक रकम भुक्तानी गरी विवेचना प्रकाशन समूहलाई थप ऊर्जा प्रदान गर्नुहुने अपेक्षा गर्दै यहाँहरुको सल्लाह, सुझाव र सद्भावले नै हामी अघि बढ्न सक्ने विश्वास व्यक्त गर्दछौं ।**

— प्रबन्धक

BAHRAIN मा रोजगारको अवसर

Company : Almoayyed Group, Bahrain

पूर्व स्वीकृति मिति : २०१७/०८/२१ | लट नं. : १९४५९९ | चलान नं. :

| सि.नं. | कामदारको पद | माग | मासिक तलब | काम | खान/बस्न | करार |
|---|---|---|---|---|---|---|
| 1. | Light Driver GCC | ५० | 160 BD | १२ घण्टा २६ दिन | छ | २ वर्ष |
| 2. | Heavy Driver GCC | ५० | 160 BD | | | |

यसको फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट यही पुस ४ गते मंगलबार बिर्तामोडमा हुनेछ ।
नोट : जुनै देशको भ्यालिड लाइसेन्स भए पनि हुने ।

नाईल ओभरसिज प्रा. लि. सामाखुशि काठमाडौं नेपाल
झापा सम्पर्क : नासा मेनपावर भएको घरसँगै अतिथिसदन रोड बिर्तामोड
फोन सम्पर्क : ०२३ ५४४६८४, ९८०२०७२२९४, ९८०३५७२२९४, ९८०३४७२२९४, ९८०३६७२२९४
नोट : UAE को बहुप्रतिष्ठित कम्पनीबाट DPS गार्डहरूको पनि माग भई आएको हुँदा धमाधम फारम भरिँदैछ ।

विवेचना प्रकाशन समूहद्वारा प्रकाशित तथा राजु अफसेट प्रेसमा मुद्रित । कार्यालय : बिर्तामोड-४, झापा । फोन : ०२३-५४६४१० । Email : bibechana73@gmail .com । जि.प्र.का.द.नं. : ४१/०४६/५०
अध्यक्ष : तेजमणि प्रसाई । प्रबन्ध निर्देशक : नवीन खरेल । प्रबन्धक : एकराज प्रधान (९८४४६८६०३१) । समाचार सम्पादक : रमेश समदर्शी । कार्यकारी सम्पादक : विनोद सापकोटा । सम्पादक : हिमाल खरेल

## सम्पादकीय

### शिवसताक्षीका कर्मचारीबाट सिकौँ

हरेक क्षेत्रमा असल र खराब प्रवृत्ति हुन्छन् । नेपाली समाजमा खराब कुराको चर्चा बढी हुने गरेको यथार्थ हामीसामु छ । एक दिन कर्मचारी कार्यालयमा आएनन् वा आएर पनि सेवाग्राही काममा ध्यान नदिएको विषय मात्र गफका विषय बन्छन् । तर, झापाको एक स्थानीय तहका कर्मचारी भने बिदाको दिन शनिबार पनि कार्यालयको काममा व्यस्त हुने गरेका छन् । शिवसताक्षी नगरपालिकाका केही कर्मचारी कार्यालय समयमा नभ्याएको काम शनिबार आएर गर्छन् । आवश्यक कर्मचारी नहुँदा कामको चाप धेरै भएकाले उपलब्ध कर्मचारीहरु बिदाको समयमा काम फत्ते गर्ने ध्याउन्नमा छन् । धेरैजसो कार्यालयमा कर्मचारीको स्वेच्छाचारिता हुने, सरकारको निर्देशन नमान्ने गुनासो हुने गर्छ । सरकारी जागिरलाई समय बिताउने कामको रुपमा प्रयोग मात्र हुने भनाइलाई शिवसताक्षीका कर्मचारीले चिरिदिएका छन् । उनीहरुको यो कदम प्रशंसनीय छ ।

स्थानीय तह गठनसाग सरकारी कर्मचारी अभाव देखिएको छ । तर, सरकारले खटाएका अधिकांश कर्मचारी स्थानीय सरकार सञ्चालनमा जान मानिरहेका छैनन् । उनीहरु कहिले वरिष्ठताको कारण देखाएर, कहिले सेवा-सुविधाको सौदाबाजी गरेर समय व्यतित गरिरहेका छन् । कर्मचारीतन्त्रको अनुशासनहीन क्रियाकलापप्रति सरकार रमिते बनिरहेको देखिन्छ । तर, यसै मेसोमा शिवसताक्षी नगरका कर्मचारीले खाजा पनि आफ्नै पैसाले खाएर बिना अतिरिक्त भत्ता काम गर्नु अनुकरणीय छ । सरकारले भनेको बेला, खटाएको ठाउमा कर्मचारी पठाउन सक्छ । तर, धेरै कर्मचारी अटेर गरेर बसेका छन् । यही कारणले शिवसताक्षीका कर्मचारी बिदाका बेला काम गर्न बाध्य छन् । आँगनमै सरकार आएको बताइए पनि त्यसको अनुभूति नागरिकले गर्न पाएका छैनन् । त्यसको प्रमुख कारण भनेको कर्मचारी अभाव हो । तर, कर्मचारी अपर्याप्त भए पनि शिवसताक्षीमा समयमै कार्यसम्पादन हुनु कर्मचारीको परिश्रम नै हो ।

स्थानीय तह पुरानै गाविस र नगरपालिकाभन्दा कमजोर हैसियतमा चलिरहन बाध्य हुनु भनेको लज्जाका विषय हो । यो अवस्था हटाउन न सरकार गम्भीरतापूर्वक लागेको छ, न कर्मचारीतन्त्रले साथ दिएको छ । कर्मचारी मनोवृत्ति सकेसम्म राम्रो काम, सजिलो दिनचर्या, सुगम र घरपायक अनि आर्थिक रुपमा 'आकर्षक' जागिर हो । अलिकति गाह्रो ठाउँमा जान, कर्मशील भएर देश विकासमा योगदान दिन र राष्ट्रका लागिपरेको बेला काँध थाप्न अधिकांश कर्मचारी पछि सर्नु दुर्भाग्य हो । तर, अब देशभरका कर्मचारीले शिवसताक्षी नगरका कर्मचारीबाट सिक्नुपर्ने दिन आएको छ । उनीहरुले सेवाग्राहीका लागि गरेको अतिरिक्त मेहनतबाट अन्य क्षेत्रका कर्मचारीलाई उत्प्रेरणा मिल्न जरुरी छ। राम्रो र जनमुखी काम गर्दै गएको खण्डमा सेवा-सुविधा सहज ढंगले पाइन्छ । र, त्यसले मात्र सुशासन सम्भव छ भन्ने बुझ्न अपरिहार्य छ ।



## प्रेरणा

**यो एक आम अनुभव हो कि रातमा जुन समस्या कठिन लाग्छ, त्यो बिहान सुल्झिन्छ किनकि निन्द्राले त्यस बेला काम गरिसकेको हुन्छ ।**

**– जोन स्टीनबेक**

## विश्व खबर

### लेदोसहितको पहिरोले चिलीको गाउँ पुरियो

**झापा, पुस २ ।** चिलीमा पहिरोका कारण एक गाउँमा ठूलो क्षति पुगेको छ भने कम्तिमा पाँच जनाको ज्यान गएको छ ।

मुसलधारे वर्षासँगै गएको पहिरोका कारण चिलीको दक्षिणी क्षेत्रमा रहेको पर्यटकीय गाउँका दर्जनौं घरमा क्षति पुगेको हो । लेक क्षेत्रको ग्रामीण बस्ती भिल्ला सान्ता लुसियामा पहिरोका कारण दर्जनौं घर पुरिएको छ । यस्तै १५ जना मानिस बेपत्ता भएका छन् ।

चिलीका राष्ट्रपति मिशेल बाचेलेतले पहिरो प्रभावित क्षेत्रमा आपतकालीन अवस्था घोषणा गरेका छन् । लेक क्षेत्रमा विद्युत् आपूर्ति बन्द भएको छ भने सडक सञ्जाल पनि टुटेको छ । उद्दार तथा राहतको कामलाई तीव्र र प्रभावकारी बनाउन आदेश दिएको राष्ट्रपति बाचेलेतले बताएका छन् ।

चिलीको राजधानी सान्टियागोबाट ११ सय किलोमिटर दक्षिणमा रहेको गाउँमा पहिरोले नोक्सानी गरेको हो । लगातारको वर्षासँगै पहाडबाट लेदोसहितको पहिरो गएको हो ।

### जाम्बियामा हैजाबाट २० जनाको मृत्यु

**लुसाका, पुस २ ।** जाम्बियाको राजधानी लुसाकामा हैजाका कारण कम्तीमा पनि २० जनाको मृत्यु भएको समाचार प्राप्त भएको छ ।

फोहोर पानीका कारण लाग्ने यो रोगबाट गत अक्टोबरदेखि अहिलेसम्म २० जनाको मृत्यु भएको स्वास्थ्य अधिकारीहरूले शनिबार जनाएका छन् । हैजाको संक्रमण भएका थप २९ जना बिरामी गत बुधबार अस्पतालको सम्पर्कमा आएका थिए । स्वास्थ्य मन्त्रालयले योसँगै हैजाबाट प्रभावित भएकाहरूको संख्या ७६० पुगेको जनाएको छ ।

यहाँ हैजाको प्रकोप फैलिने खतरा रहेकोले गम्भीररूपमा यसको निराकरणका कार्यहरू गर्न सरकारको ध्यानाकर्षण गराइएको छ । तीमध्ये ५७ जनाले मात्रै अहिले अस्पतालमा उपचार गराइरहेका छन् । त्यसबाहेक अन्य सबैजना उपचारपछि घर फर्किएको स्वास्थ्य मन्त्रालयका सञ्चार तथा बाह्य सम्बन्ध प्रमुख स्टान्सलौस एनगोसालेले जानकारी दिए ।

# समृद्धि सपना : चीनका सी र नेपालका केपी



**लक्ष्मी लम्साल**

नेपालमा निर्वाचन हुनु ठिकअघि छिमेकी चीनले १९औँ महाधिवेशनबाट नयाँ युगको सुरुवात गरेको छ । राष्ट्रपति सी चिन फिङको एक दशकको भावना समेटेको ३२ हजार अक्षरको कार्यप्रतिवेदनले ७० पटक प्रतिनिधिहरूको ताली खायो । चिनियाँ विशेषतायुक्त समाजवादले नयाँ युगको ढोका खोलेको प्रतिवेदनमा उल्लेख छ ।

विश्वका १० भाषामा अनुदित प्रतिवेदनमा विदेशी अनुवादकहरूले उनीहरूको भाषामा सर्वाधिक दोहोर्‍याएको शब्द हो 'पावरफुल' अर्थात् ' शक्तिशाली' । महाधिवेशनको पहिलो पूर्ण सत्रबाट पुनः महासचिवमा निर्वाचित भएपछि सीले दोस्रो कार्यकालको प्रारूप प्रस्तुत गरे । सञ्चारमाध्यम तथा पर्यवेक्षकहरूले देश विदेशबाट भने, 'सी नै उपयुक्त नेता हुन् जसले सुधारोन्मुख चीनलाई विशाल अत्याधुनिक मुलुकमा रूपान्तरण गर्दैछन् ।'

सन् १९४९ मा माओले जनगणतन्त्र घोषणा गर्दा भनेका थिए, 'अतिक्रमणकारी विदेशीको हातबाट अपमानको शताब्दी अन्त्य भयो ।' सन् १९७८ मा अर्का नेता तङ स्याउ फिङले पुनर्संरचना र खुलापनको नीति अघि सारे ।

अबको पाँच वर्ष अर्थात् चिनियाँ कम्युनिष्ट पार्टीको १९-२०औँ महाधिवेशनको अन्तरालमा शताब्दी लक्ष्य समेट्ने समयसीमा हो । सीले प्रतिबद्धता गरेका छन्- 'पहिलो शताब्दी लक्ष्य पूरा गर्नुपर्छ र दोस्रो शताब्दी लक्ष्यका लागि यात्रा थाल्नुपर्छ । पार्टीभित्र जहिले पनि जवान आत्मा हुनुपर्छ, जनसेवकको भावना हुनुपर्छ, समयभन्दा अगाडि हुनुपर्छ र राष्ट्रको मेरूदण्ड बन्न सक्नुपर्छ ।'

सीमा परिस्थितिलाई परिणाममुखी बनाउने हैसियत छ । पाँच वर्षअघि १८औँ महाधिवेशनमा सिपिसी केन्द्रीय कमिटी, पोलिटब्युरो सदस्यको हैसियतमा मिडिया सामु प्रस्तुत हुँदा सी एक पार्टी प्रमुख थिए । केही मिनेटपछि नै संसारकै ठूलो जनसंख्या भएको देशको नेतृत्व गरेर दशक लामो योजना प्रस्तुत गरे ।

संक्षेपमा चीनलाई फेरि महान र भ्रष्टाचारले चिन्ताग्रस्त जनभावनालाई सरल भाषामा आश्वस्त पार्नसक्ने एक व्यक्तिका रूपमा सीको चित्रण गर्नुपर्छ । शिथिल अर्थतन्त्र, गरिबीको खाडल, भ्रष्टाचार र वातावरणीय डामाडोलको स्थितिबाट मुलुकलाई यति कलात्मक ढंगले सही धारमा ल्याउनसक्ने सजिलै सोचिएको थिएन ।

अहिले त बर्सेनि छ करोडका दरले जनताले गरिबीबाट मुक्ति पाएका छन् । सयौँ सरकारी अधिकारीहरु, प्रान्तीय तथा क्षेत्रीय तहदेखि केन्द्रसम्म, र सहकर्मीहरु समेतले भ्रष्टाचारविरोधी अभियानको सामना गरेका छन् । झन्डै ८९ मिलियन पार्टी सदस्यको शुद्धीकरण र २ मिलियन सेनाको सोच तथा कार्यशैलीमा परिमार्जन भएको छ । दृढताका साथ वातावरणीय सुधारको अभियान थालिएको छ ।

विज्ञान र प्रविधि, अन्तरिक्ष ल्याब, रेडियो टेलिस्कोप, क्वान्टम स्याटलाइटमा प्रगति हुँदै गएको छ । ६ दशकमा पहिलोपटक ताइवानका नेताले भेटेर मुख्य भूमिप्रतिको आस्था दर्शाए । ठूला मुलुक र साना मुलुकसँगको नयाँ तरिकाको सम्बन्ध विस्तार र कूटनीतिक पूर्वाधार मजबुत बन्दै गएको छ ।

चिनियाँ मुद्रा आरएमबी विश्व मुद्रा कोषको स्पेसल ड्रइङ राइट एसडिआर बास्केटमा जोडियो । मानव भाग्य समुदायका लागि बेल्ट एन्ड रोड इनिसियटिभ्स राष्ट्रसंघको दस्तावजेमा पनि पर् यो । 'यदि पार्टी र जनताले माग गर्छन् भने हामीले आफूलाई बिनाहिच्किचाहट समर्पित गरौँ, यदि हामीले नै सकेनौँ भने अर्कालाई कसरी गर भन्न



सक्छौँ ?' सिपिसी केन्द्रीय समिति पोलिटब्युरो सदस्यहरूमाझ सीले भनेका थिए ।

सन् २०२० सम्म आधारभूत रूपमा औसत समृद्ध समाज र सन् २०२०-२०३५ भित्र आधुनिक समाजवादको अनुभूति दिलाउने हुट्हुटी उनमा व्याप्त छ । सन् २०३५ देखि शताब्दीको मध्यान्तरसम्म चीन विशाल आधुनिक समाजवादी मुलुक, समृद्ध, शक्तिसम्पन्न, प्रजातन्त्र, उन्नत संस्कृति, समावेशिता र सुन्दरतायुक्त चीन हुनेछ । त्यसपछि विश्व शक्ति बन्नेछ । समृद्धि हरेकका घरझुपडीमा आधारभूतमा रूपमा प्रवेश गरेको हुनेछ ।

मिडियामा सीको व्याख्या गरिने विशेषणात्मक शब्दहरु हुन्, पुरूषार्थी, महत्वाकांक्षी, विचारशील, अन्वेषणकर्ता । कतिपय सर्वेक्षण वरियताहरूमा सी उत्कृष्ट १० मा पनि परेका छन् । खासगरी सुशासन र नवाविष्कारको शीर्षकमा ।

पाँच वर्ष अघि पदासीन हुनेबित्तिकै सीले प्राथमिक विषय बनाए, पार्टी सदस्यहरूले एउटै लयमा पाइला चाल्ने । उनी भन्थे, 'यदि भ्रष्टाचार झन् खराब हुँदै गयो भने यसले पार्टी र राज्यलाई नै धरापमा पार्न सक्छ । नयाँ युगको लक्ष्य पाउनु पनि असम्भव हुन्छ ।'

भष्टाचारविरोधी अभियान यस्तरी अघि बढ् यो कि सिपिसीको ९६ वर्षे इतिहासमा यस्तो अभियान यस्तो द्रुततर चलेको थिएन । कैयौँ बाघहरु समातिएपछि विरालाहरु आफैँ कुना पसे । होनहार नेताहरु कारावासको चिसो छिँडीमा थन्किएपछि जनसमर्थन पनि बढ्यो । सीले भने, ' यदि हामीले सैयौँ भ्रष्टाचारी अधिकारीहरु आहत पार्न सक्दैनौँ भने १.३ बिलियन जनतालाई आहत पारेको ठहर्छ ।'

सन् २०१३ मा जब सीले सिन्ह्वा समाचार समितिले लेखेको एउटा लेखमा ध्यान दिए । उनले निर्देशन दिए, 'खाना खेर फाल्ने काम रोक्नैपर्छ । खेर जाने कुरा सार्वजनिक कोषमा संरक्षित होस् ।' राष्ट्राध्यक्षको हैसियतमा सी कार्यालयमा नेता होलान् तर जिम्मेवारीका हिसाबले जनताका सेवक हुन् । सर्वसाधारणले महसुस गरेका छन्, सीका कारण परिवर्तन सम्भव भइरहेको छ । उनी सर्वसाधारणको भीडमा लाइन लागेर सडक खाना खाएको वा पानीमा रूझीरूझी पूर्वसहकर्मीहरूको खेतबारीमा उभिएर कुराकानी गर्दै गरेको पनि भेटिए । उनले किसानका बच्चाहरु भेटे, भान्छा चियाए । भूकम्पग्रस्त क्षेत्रमा रातरातभरि अस्थायी टहरामा बसे । सहरभित्रका पुराना गल्ली पुगेर बासिन्दाहरूको काम, आम्दानी, खानपान, चिसो तातो, शौचालय लगायतबारे बुझे ।

सन् २०१३ मा हुनान प्रान्तको मियो अल्पसंख्यक बस्ती श पा तोङ, जो गरीब बस्ती भनेर चिनिन्थ्यो, पुगे । अनपढ गाउँले श् फाच्वानले आफ्नो घरतिर छिर्न लागेको मान्छेलाई सोधिन्, 'को हो तपाईं ? मैले के भन्नुपर्छ ?'

उनले विनम्रतापूर्वक चिनाए, 'म जनताको सेवक हुँ ।'

सन् २०२० सम्ममा ४० मिलियनलाई गरिबीमुक्त गर्ने उनको प्रतिज्ञा छ, जुन मानव इतिहासकै असाध्य अठोट नै हो । ४४ वर्षको राजनीतिक यात्रामा सी तल्लो तहदेखि पार्टीको उपल्लो तहसम्म, एक साधारण नागरिकदेखि राष्ट्राध्यक्षसम्म, एक सामान्य सिपाहीदेखि सैन्य प्रमुखसम्म भएका छन् । बाँझो खेत आवादी, खेतीपाती, खनजोत, पशुपालन, कोइला निकाल्ने, भकारो सोर्ने आदि काम भ्याएका उनी भन्छन्, 'यसले जीवनको यथार्थ बुझ्न, सत्य देख्न र अर्थ पहिल्याउन अथक प्रेरणा दिएको छ ।'

चीनमा २१औँ शताब्दीका विश्वस्तरीय पुनर्संरचनाका खाका कोरिएका छन् । सीले घोषणा गरेका छन्, चीनको भाग्य पुनर्सुधार र खुलापनले निर्धारण गर्छ । जुन तङ स्याउ फिङको मार्ग थियो । १८ सय वर्षअघिका रणनीतिकार तथा लगनशील नेता चु क ल्याङलाई सम्झिँदै उनी भन्छन्, 'ठूलो अभिभारा लिएपछि एउटै डर हुन्थ्यो कि विश्वासबाट खस्ने पो हुँ कि ?'

तीतो विगतबाट मीठो बिहानीको परिकल्पना गर्दै सीले सेना बलियो बनाउनुपर्ने ध्येय राखेका छन् । भन्छन्, 'मैले चीनको इतिहास पढेको छु, जसले मलाई निकै ठूलो पीडा दिन्छ । जतिबेला सैन्य संरचना कमजोर थियो, अतिक्रमणकारीहरूको शिकार हुनुपर्थ्यो । त्यो पीडादायी इतिहास नदोहोरियोस् ।'

एउटा नेता जनताको सेवा गरेर मात्रै राजनेता बन्न सक्छ । राजनेता भइसक्दा पनि उसको दायित्व जनताको सेवा नै हो । नेपालले पनि अनेकन परिवर्तन गरेर यहाँसम्मको यात्रा तय गरे पनि जीवनस्तरमा तात्विक भिन्नता केलाउन गाह्रो पर्छ ? प्रजातन्त्रका ६ दशक र चीनमा जनगणतन्त्रका ६ दशक दाँजेर हेर्दा जनताको मुहारबाट खुसी खोस्ने भन्दा बढी साधु नेता कति पायौँ ? जब कि यिनै निमुखा अनुहारमा अभाव, गरिबी र छट्पटीका रेखाहरु झन् गाढा बन्दै पो छन् कि ?

नेपाल र नेपालीको वस्तुस्थिति नबुझेका नेता हैनन् । परिवेश, हुर्के बढेको समाज यही हो तर पनि भोक के हो ? स्वार्थ के हो ? दयामाया के हो ? नातावाद, भाइभतिजावाद के हो ? सबै कुराका भुक्तभोगी नै हुन् । अनदेखा कस्तो, वर्षौं स्वार्थको डुबानले पनि नपुगेर यी निमुखा अनुहारमाथि क्रुरताको छाप कतिञ्जेल ? सकेसम्म आफू वरिपरिको सर्कल पोस्ने, तर अरूले गर्न नदिएको परम्परागत मन्त्रले नै कति दिन चोखिने ?

यिनै पुराना अनुहारबाट नेपाली जनताले नयाँ अनुहारको परिकल्पना गर्नुपरेको छ । एकपटक त्यो अकर्मण्य, अनुदार र स्वार्थी आवरण उतारेर यही पृष्ठभूमिबाट कालिदासमा रूपान्तरण भएको नेता पाउन सकौँला ? नजिकैका छिमेकी नेताबाट ईख लिएर पनि निद्राबाट जागेको अगुवा भेटाउँला हामी ?

चिनियाँ राष्ट्रपति सी चिन फिङ भन्छन्, 'जसले जुत्ता लगाएको छ उसैले जुत्ता ठीक छ कि छैन, थाहा पाउँछ । अरूको व्यवस्था नक्कल गर्न खोजेर हुँदैन । न त कर्कश र एकलकाँटे विगत पछ्याएर नै हुन्छ, आफ्नो प्रकृति र प्रणाली छोडेर गलत मोड पछ्याएर पनि हुँदैन ।'

हाम्रा नेताहरूले चप्पल छोडेर जुत्ताबाट हिंड्न थालेको धेरै भयो । आम नेपालीको खुट्टामा चप्पल परेको देख्ने चाह कुनै नेतामा छ कि ? आशा छ, आफूले लगाएको जुत्ता र जनताको चप्पलको भिन्नता अर्थ्याउन सक्ने नेता यिनै अनुहारबाट देख्न पाइनेछ ।

## इस्टर्न स्टार र वाणीको वार्षिकोत्सव

**दमक, पुस २ ।** दमक-७ स्थित इस्टर्न स्टार बोर्डिङ स्कुलले आइतबार २४ औँ वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी मनाएको छ ।

स्कुलको प्राङ्गणमा एक कार्यक्रम गरी नृत्य, गीत, खेलकुदसहित सांस्कृतिक कार्यक्रम गरेको स्कुलले जनाएको छ । त्यस अवसरमा स्कुलले झापा क्षेत्र नम्बर ५ बाट प्रदेशसभा सदस्यमा निर्वाचित अर्जुन राईसहित दमक-७ का वडाध्यक्ष भीमप्रसाद पौडेललाई सम्मान गरेको थियो ।

प्रदेशसभा सदस्य राईको प्रमुख आतिथ्यतामा भएको वार्षिकोत्सवमा विद्यार्थीले विभिन्न जातका सांस्कृतिमूलक पहिरनहरूको समेत आर्कषक रूपले प्रस्तुत गरेका थिए । त्यस्तै, स्कुलले अन्तर सदनात्मक नृत्य प्रतियोगिताको आयोजना गरेको स्कुलका प्रिन्सिपल लछुदास राईले जानकारी दिए । प्रतियोगिताका विजेता विद्यार्थीलाई प्रमाणपत्र तथा पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रममा दमक नगरपालिकाको शिक्षा शाखाका अधिकृत शालिग्राम काफ्ले, युनिक कलेजका प्रमुख टेकनाथ भण्डारी, स्कुलको अभिभावक युनिटका उपाध्यक्ष युवराज लिम्बु, स्कुल व्यवस्थापन समितिका सदस्य निर्मला पाठकलगायत अभिभावक, शिक्षक, विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

यसैबीच, कमल गाउँपालिका-६ स्थित वाणी माध्यमिक विद्यालयको आइतबारदेखि ५२ औँ वार्षिकोत्सव सुरू भएको छ । पुस ४ गतेसम्म चल्ने वार्षिकोत्सवको आइतबार एक कार्यक्रमका बीच प्रदेशसभा सदस्य अर्जुन राईले उद्घाटन गरे ।

वार्षिकोत्सव कार्यक्रमका प्रचार उपसमितिका संयोजक भीमप्रसाद सापकोटाका अनुसार पहिलो दिन उद्घाटनसँगै विद्यार्थीबीच फुटबल, भाले जुधाई खेल सम्पन्न गरिएका छन् । समापनका दिन विद्यालयले विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्षहरू, पूर्वप्रधानाध्यापकहरू, दीर्घ सेवा गर्ने शिक्षकहरू, उच्च मावि सञ्चालनका लागि सहयोग पुर्‍याउने दाताहरूलाई समेत सम्मान गरिने कार्यक्रम रहेको प्रधानाध्यापक लक्ष्मीप्रसाद डाँगीले बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अग्नि भट्टराईको अध्यक्षतामा भएको सो उद्घाटन कार्यक्रममा विद्यार्थीले स्वागत नृत्य प्रस्तुत गरेका थिए ।

## विद्यार्थीलाई स्वीटर

**दुहागढी, पुस २ ।** झापा दुहागढीस्थित बाल सुबोधिनी आधारभूत विद्यालयमा अध्ययनरत विपन्न समुदायका विद्यार्थीलाई दाताहरूले जाडोबाट बच्न न्यानो कपडा प्रदान गरेका छन् ।

आइतबार विद्यालयमा आयोजित एक कार्यक्रमका बीच मेचीनगर १४ धाइजनमोडस्थित बिहानी बचत तथा ऋण सहकारी संस्थाले ३० जनालाई र स्थानीय समाजसेवी विनोद अधिकारीले पाँचजना विद्यार्थीलाई स्वीटर प्रदान गरेका हुन् । संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाईं, उपाध्यक्ष सुरेश बुढाथोकी, व्यवस्थापक जितेन्द्र कार्की र दाता विनोद अधिकारीले संयुक्त रूपमा विद्यार्थीलाई स्वीटर प्रदान गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भोला सुवेदीको सभापतित्वमा सम्पन्न कार्यक्रममा व्यवस्थापन समितिकी सदस्य कृष्णकुमारी सुवेदी र प्रधानाध्यापक विश्व थापाले सहयोगका लागि दाताहरूलाई धन्यवाद ज्ञापन गरेका थिए ।

## ढापपोखरीमा डुङ्गा सञ्चालन

**इलाम, पुस २ ।** स्थानीयको सक्रियतापछि इलामको सन्दकपुर गाउँपालिका-५ स्थित जमुनाको ढाप पोखरीमा डुङ्गा सञ्चालन गरिएको छ ।

पर्यटकीय गतिविधि बढाउँदै पर्यटक आकर्षित गर्ने उद्देश्यले पोखरीमा दुई वटा डुङ्गा चलाउन थालिएको हो । पोखरीको संरक्षण र व्यवस्थापन गर्दै आएको चन्द्रपाल थेवेले ढाप सिमसार संरक्षण तथा पर्यटन विकास समितिले डुङ्गा सञ्चालन गर्न थालेको हो ।

यो पोखरी स्थानीयको पर्यटन विकासप्रतिको मोह र सक्रियताका कारण निर्माण थालिएको दुई वर्षभित्रमै आकर्षक गन्तव्यका रूपमा विकास भएको छ । क्षेत्रफलको हिसाबले जिल्लाकै ठूलो मानिएको यो पोखरी ५० रोपनीमा फैलिएको छ ।

'डुङ्गामार्फत पोखरीको सबै क्षेत्र घुम्न आधा घण्टाभन्दा बढी समय लाग्छ', समितिका अध्यक्ष युवराज भट्टराईले भने, 'यस क्षेत्रमा पोखरीमा डुङ्गा सयर गर्न स्थानीयसँगै टाढाबाट



पनि रमाइलो गर्न आउने क्रम बढ्दो छ ।' पोखरीमा डुङ्गा सञ्चालनमा ल्याइएपछि दैनिक ५० जनादेखि १०० जनासम्म आन्तरिक पर्यटक आउन थालेको अध्यक्ष भट्टराईले बताए ।

दलदल र सिमले भरिएको उपत्यका जस्तो क्षेत्रको पूर्वी मोहोडामा बाँस, हिलोमाटो र डुङ्गाको बाँध बनाएर काम थालिए पनि अहिले मजबुत ड्याम बनाइएको छ । ढापपोखरी पुग्ने पर्यटकका लागि स्थानीयबासीले होमस्टे सञ्चालन गर्ने तयारी गरेका छन् ।

पोखरीमा माछापालन सुरु भएपछि आगन्तुकलाई थप आकर्षणको केन्द्र भएको छ । तराईमा पाइने सारसलगायत विभिन्न चराचुरुङ्गीसमेत पोखरीमा आउने क्रम बढेको छ । पोखरी आसपास लोपोन्मुख सुन गोहोरो र विभिन्न प्रकारका सुनाखरी पाइन्छन् । पोखरी निर्माणका लागि मेची पहाडी क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति इलाम, जिल्ला भूसंरक्षण कार्यालयले सहयोग गरेका छन् ।

## साफ यु १५ महिला फुटबलमा नेपालको फराकिलो हार

**झापा, पुस २ ।** नेपाली टोलीले हारबाट साफ यु १५ महिला फुटबल प्रतियोगिताको यात्रा सुरू गरेको छ ।

बंगलादेशको ढाकास्थित वीरश्रेष्ठ शहीद सिपाही मोहम्मद मुस्ताफा कमल रंगशालामा नेपाली टोली आयोजकसँग ६-० को फराकिलो अन्तरमा पराजित भएको हो । घरेलु टोलीलाई जीत दिलाउन तोहुरा खातुनले ह्याट्रिक गरिन् भने अनुचिङ मोगिनीले २ र मोनिका चाक्माले १ गोल गरिन् ।

मोनिकाको गोलबाट अग्रता लिएको बंगलादेशका लागि अनुचिङले १३औं र तोहुराले ३२औँ मिनेटमा गोल गरिन् । पहिलो हाफको इन्जुरी समयको पहिलो मिनेटमा अनुचिङले अर्को गोल गरिन् ।

तोहुराले ६९औँ र ७२औँ मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरिन् । अर्को खेलमा भारतले भुटानलाई ३-० ले हराएको छ । सहभागी ४ टोलीबीच राउन्ड रोविन लिगपछि शीर्ष २ टोलीले फाइनल खेल्नेछन् । नेपालले पुस ४ गते भारत र पुस ६ गते भुटानको सामना गर्नेछ ।

# पिसाबको संक्रमण कसरी थाहा पाउने ?

**हामीले यसलाई बेवास्ता गर्‍यौं, उपचार भएन भने बिस्तारै मिर्गौलामा असर पुग्ने, पिसाब नली, पिसाब थैलीमा समस्या आउने हुन्छ । धेरै बेवास्ता गरेमा मिर्गौला नै खराब हुने खतरा बढ्छ । तसर्थ, हरेक ६ महिना वा १ वर्षमा आफ्नो पिसाबको जाँच गर्नुपर्छ ।**

मिर्गौलाबाट पिसाबको थैली हुँदै नलीबाट बाहिर निस्कने जुनसुकै ठाउँमा किटाणुले हुने संक्रमण (इन्फेन्सन) नै पिसाब संक्रमण हो ।

पिसाब संक्रमण यौनअंगको सरसफाई नगर्दा वा शरीरको कुनै भागमा भएको संक्रमण रगतको नली हुँदै पिसाब नलीमा पुग्यो भने हुनेगर्छ । मिर्गौला हुँदै पिसाबको थैली, पिसाबको नली वा पिसाब आउने बाटोमा कहीँ पनि समस्या भयो वा अवरोध भयो भने पनि पिसाब जमेर संक्रमण हुनसक्छ ।

उदाहरणका लागि एउटा तालको पानी आउनेजाने भएमा स्वच्छ रहन्छ, यदि त्यो पानी कहीँ जान पाएन वा बाटो अवरोध भएमा पानी जमेर लेउ लाग्छ । त्यस्तै पिसाब पनि सजिलै बाहिर जान नपाएमा संक्रमण हुन्छ । पिसाब संक्रमण सबै उमेर समूहका मानिसलाई हुनसक्छ । कुनै बच्चालाई आमाकै गर्भमा रहँदा शरीरको बनोट बिग्रेर आएको छ भने पनि असर पार्छ । पुरूषमा पिसाब थैलीबाट पिसाब फर्केर माथि जान्छ, पिसाब राम्ररी निख्रेको छैन वा पिसाब नली साँघुरो छ भने संक्रमण हुने जोखिम धेरै हुन्छ ।

बृद्ध पुरूषहरूमा हुने प्रोस्टेट ग्रन्थीका कारण पिसाब नली साँघुरो हुँदै जाने हुनाले पनि संक्रमण हुन्छ । पुरूषलाई भन्दा महिलालाई पिसाबको संक्रमण बढी हुने गर्छ । किनकि महिलाको पिसाब नली सानो हुन्छ भने पुरूषको नली लामो हुने भएकाले बाहिरी संक्रमण पुरूषलाई कम हुन्छ ।

महिलामा नली सानो हुने, पिसाब नली, महिनावारी हुने नली र दिसा गर्ने नली सँगसँगै हुने भएकाले बाहिरी संक्रमण छिटो हुने सम्भावना हुन्छ । महिलालाई बाहिरी संक्रमण बढी हुनुको कारणमा कुनै एक नलीमा भएको इन्फेन्सन अर्कोमा सजिलै सर्नु पनि हो ।

महिलालाई एक पटक संक्रमण भएपछि घरिघरि दोहोरिरहन्छ । एक पटक निको भएपछि किन दोहोरिरहन्छ भन्ने प्रश्न पनि उब्जन सक्छ । किनकि महिलामा नली सँगसँगै रहेका गन्थीमा



संक्रमण बसिरहन्छ । औषधि खाँदा ती गन्थीमा किटाणु सुषुप्त अवस्थामा बस्छन् र बिस्तारै औषधिको काम कम हुन थालेपछि ती किटाणु फेरि सक्रिय हुन थाल्छन् । संक्रमण दोहरिरहन्छ ।

त्यसैले हामीले मिर्गौलाबाट बसेको पिसाब सरासर थैलीमा गई बिना अवरोध बाहिर निस्कियोस् भनेर सरसफाइमा धेरै ध्यान दिनुपर्छ । अझ बढी महिलाले ध्यान दिनुपर्छ । पत्थरी नहोस्, अन्य अवरोध नहोस् भनेर समय-समयमा पिसाबको जाँच गराइरहनुपर्छ ।

**कसरी थाहा पाउने ?**

धेरैलाई पिसाबको संक्रमण भइरहे पनि थाहा नहुन सक्छ । समस्या बढी हुन थालेपछि मात्र मानिस चिकित्सककहाँ पुग्छन् ।

## यस्ता छन् लक्षण

पिसाब गर्दा पोल्ने, घरिघरि पिसाब जान मन लाग्ने, पिसाबको धारा मसिनो हुँदै जाने, पिसाब गर्दा कोखा दुख्ने, पिसाबमा रगत जाने, पिसाब नलीबाट पिसाबसँगै पिप देखिने, उच्च तापमानको ज्वरो आउने, शरीर काप्ने, पिसाब गरेपछि पनि तल्लो पेट भारी हुने, दुख्ने, बच्चालाई ज्वरो आइरहने, पेट दुख्ने आदि ।

माथिका लक्षण देखिएमा पिसाबको संक्रमण भयो कि भनेर चेकजाँच गर्नुपर्छ । भर्खर विवाह गरेका महिलालाई पनि पिसाब संक्रमण हुने जोखिम उच्च हुन्छ । शारीरिक सम्पर्कमा सक्रिय हुँदा किटाणु बाहिरबाट भित्र पस्छन् र संक्रमण हुन्छ, जसलाई 'हनिमुन सिस्टाइटिस' पनि भनिन्छ । यसका कारण केही महिला अस्पतालमै भर्ना हुनुपर्ने अवस्थासम्म पुग्छन् ।

धेरै समयसम्म उपचार गरिएन भने मिर्गौलामा पिप जम्ने (रेनल एब्सेस) हुनसक्छ । यदि यस्तो भएमा लामो समयसम्म उपचार गर्नुपर्ने हुनसक्छ । त्यो पिपलाई तान्नुपर्ने हुन्छ । यस्तो अवस्थामा लामो समय औषधि खानुपर्ने हुनाले युरोलोजिस्टसँग सल्लाह गर्नुपर्छ ।

यस्तै, बच्चाको पिसाब माथि फर्केर गएको छ कि छैन भनेर विचार गर्नुपर्छ । त्यो एक्स-रे गरेर हेर्न सकिन्छ । मधुमेहका बिरामी, शरीरमा रोगप्रतिरोधात्मक क्षमता कम भएका मानिस, अधवैंशे महिला, सेक्सवर्कर, पत्थरी भएका व्यक्ति आदि पिसाब संक्रमणको उच्च जोखिममा हुन्छन् ।

यसबाट बच्नका लागि हामीले गुप्तांगको सरसफाइमा ध्यान दिनुपर्छ । हामीले यसलाई बेवास्ता गर्‍यौं, उपचार भएन भने बिस्तारै मिर्गौलामा असर पुग्ने, पिसाब नली, पिसाब थैलीमा समस्या आउने हुन्छ । धेरै बेवास्ता गरेमा मिर्गौला नै खराब हुने खतरा बढ्छ । तसर्थ, हरेक ६ महिना वा १ वर्षमा आफ्नो पिसाबको जाँच गर्नुपर्छ । जो बढी जोखिममा छन् उनीहरूले ३-३ महिनामा पिसाब जाँच गरिरहनुपर्छ ।

# अण्डकोष क्यान्सर हुने आठ लक्षण

क्यान्सर शरीरका विभिन्न अंगहरूमा हुन सक्छ । त्यसमध्ये अण्डकोषको क्यान्सरका बारेमा कमै सुनिन्छ । अण्डकोषको क्यान्सर पुरूषमा हुने एक प्राणघातक रोग हो । त्यसैले हरेक पुरूषले यस रोगको विषयमा राम्रो जानकारी राख्नुपर्छ । पुरूषमा हुने सबै प्रकारका क्यान्सरमध्ये १ दशमलव २ प्रतिशत मात्रै अण्डकोषको क्यान्सर हुन्छ ।




अलिकति ध्यान दिने हो भने सहजै यो रोगको निदान गर्नै सकिन्छ र सुरूवाती अवस्थामा उपचार गरे बिसेक हुन सक्छ । अण्डकोषमा गाँठो हुनु वा अण्डकोष ठूलो हुनु यसको प्रारम्भिक लक्षण हो । यस्तो अवस्थामा तुरून्तै डाक्टरलाई भेट्नुपर्छ ।

**१. पिठ्यू र पेटको दुखाई**

पिठ्यू र पेटको दुखाई अण्डकोषको क्यान्सरको पहिलो लक्षण हो । अध्ययनबाट पत्ता लागेको छ कि 'लिम्प नोड' बढ्नाले कलेजोसम्म क्यान्सर पुग्छ र कलजोमा दुखाई हुन थाल्छ ।

**२. अण्डकोषमा नदुख्ने गाँठो**

अन्डकोषमा नदुख्ने गाँठो पैदा हुनु पनि क्यान्सरको सुरूवाती लक्षण हो । सुरूमा यो गाँठो एउटा मटरको दाना बराबर हुन्छ । तर, बिस्तारै ठूलो हुँदै जान्छ ।

**३. अण्डकोषको थैली ठूलो हुनु**

अण्डकोषको थैलीमा भारीपन महसुस हुनु पनि क्यान्सरको प्रारम्भिक लक्षण मानिन्छ । त्यसैले थैली बढ्दा वा यसमा दुखाई हुँदा बेवास्ता नगरिकन तुरून्त डाक्टरकहाँ जानुपर्छ ।

**४. अण्डकोषको थैलीमा तरल पदार्थ जम्नु**

अण्डकोषको थैलीमा तरल पदार्थ हुनु सामान्य कुरा हो । तर, यो यदि एक हप्ताभन्दा बढी समयसम्म रह्यो भने सावधान हुनुपर्छ । अध्ययनबाट पत्ता लागेको छ कि यस्तो अवस्थामा क्यान्सर भएको हुन सक्छ ।

**५. निप्पल नरम हुनु**

पुरूषको निप्पल अचानक नरम र मुलायम भयो भने अण्डकोषको क्यान्सरको प्रारम्भिक लक्षण हुन सक्छ । अण्डकोषमा ट्यूमर हुँदा एक प्रोटिन उत्पन्न हुन्छ जसले पुरूषको निप्पललाई प्रभावित गर्छ । यस्तो अवस्थामा सावधान हुनुपर्छ ।

**६. आकारमा परिवर्तन**

अण्डकोषको आकारमा परिवर्तन आउनु पनि क्यान्सरको प्रारम्भिक लक्षण हो । यसका अलावा अण्डकोष सुन्निएको अवस्थामा पनि तुरून्तै डाक्टरलाई देखाउनुपर्छ ।

**७. रगतको ढिक्का जम्नु**

रगतको ढिक्का नशामा जम्दा सास लिन कठिनाई उत्पन्न हुनुका साथै खुट्टा सुन्निन थाल्छ । यो अण्डकोषको क्यान्सरको प्रारम्भिक लक्षण हो । नशामा रगत जम्नुलाई डीवीटी वा डीप भेनर थ्रोम्बोसिस भनिन्छ ।

**८. इन्फेक्सन**

खण्डकोषमा हुने इन्फेक्सनलाई ओर्चिटिस भनिन्छ । अण्डकोषमा इन्फेक्सन हुनासाथ तुरून्त जँचाउनुपर्छ । यो क्यान्सरको सुरूवाती लक्षण पनि हुन सक्छ ।

## नाता जोडेर...

१ तोलाको बेरूवा औँठी एकथान, सुनको पाँच आनाको सादा औँठी एकथान र नगद १२ हजार, डायरी, नागरिकताको प्रमाणपत्र, मतदाता परिचयपत्र लुटेका थिए । तुरून्तै प्रहरीमा उजुरी दिएपछि लुटेराको खोजी तीव्र पारिएको थियो । ' प्रहरीले गोप्य सूचनाबाट उनको हुलियाका आधारमा अनुसन्धान सुरू गरेको थियो', कोइरालाले भने ।

प्रहरीले हिङ्माङलाई बिर्तामोड बसपार्कबाटै पक्राउ गरेको हो । उनलाई पत्रकार सम्मेलनमार्फत आइतबार प्रहरीले सार्वजनिक गरेको हो । बयानका क्रममा हिङ्माङले आङ्देम्बेको औँठी र नगद लुटेको स्वीकारेका छन् । त्यस्तै, सुनको औँठी दमकको एक ज्वेलर्समा ६७ हजार रूपैयाँमा बिक्री गरेको अनुसन्धानका क्रममा खुलेको प्रहरी निरीक्षक ज्ञानबहादुर विष्टले जानकारी दिए । औँठी बेचेर आएको केही रकम उनले दिदी नाता पर्नेलाई राख्न दिएको भनेपछि सो समेत बरामद गरिएको विष्टले बताए । त्यस्तै, हिङ्माङले बिक्री गरेपछि सोही सुनबाट बन्दै गरेको ११.१५० ग्राम तौलको कडीवाला सिक्री समेत प्रहरीले बरामद गरेको छ ।

**हिङ्माङ पूर्वअपराधी**

उमेशको नामले समेत चिनिने हिङ्माङलाई झापा जिल्ला अदालतबाट जबरजस्ती चोरी मुद्दामा म्याद थप गरी प्रहरीले अनुसन्धान गरिरहेको कोइरालले बताए । पाँचथरको साविक नागिन ३ घर भई झापा कनकाई १ मा डेरा लिई बस्दै आएका ३७ वर्षीय हिङ्माङलाई २०६१ भदौ ८ गते जिल्ला प्रहरी कार्यालय झापाले जबरजस्ती करणी मुद्दामा पक्राउ गरेको थियो ।

पछि अदालतले पुर्पक्षको लागि थुनामा राख्न आदेश दिएपछि उनी कारागार चलान भएका थिए । कैद भुक्तान गर्ने क्रममा जिल्ला कारागार पाँचथरबाट फरार भएका उनी पुनः पक्राउ परी कैदी भागे भगाएको मुद्दामा थप सजायसहित १३ वर्ष ६ महिना कैद भुक्तान गरी २०७३ माघ ११ गते जिल्ला कारागार इलामबाट छुटेका थिए । उनको बारेमा थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

## अर्जुनधारामा...

हुने बिल्डकनका अध्यक्ष भिमचन्द्र भट्टराईले दाबी गरे ।

'प्रदूषण फैलाउने इँटा भट्टाहरू विस्थापित हुँदै जाने क्रम बढेको र सरकारले पनि यस्ता उद्योगलाई विस्थापित गराउने योजना अघि सारेकाले हामीले अत्याधुनिक मेसिनजडित उद्योग स्थापना गरेका हौँ', उनले भने, 'यहाँबाट उत्पादित निर्माण सामग्री वातावरणमैत्री छन्, उपभोक्ताको पनि समय र पैसा बचत हुन्छ ।'

उनका अनुसार यहाँ जडित हाइड्रोलिक मेसिनले एक दिनमा ८० हजार पेभर्स टाइल्स र फ्ल्यास ब्रिक उत्पादन गर्ने क्षमता राख्छ । त्यस्तै, एक वर्षमा अढाइ करोड इँटा उत्पादन गर्ने उनले बताए ।

प्रबन्ध निर्देशक गट्टानीका अनुसार पाँच प्रकारका उत्पादनसँगै भविष्यमा सडकका नालामा प्रयोग हुने ड्रेन पनि निर्माण गर्ने लक्ष्य लिइएको छ । छिमेकी मुलुक भारत र चीनमा अत्यधिक प्रयोगमा रहेको यस प्रकारका निर्माण सामग्री विदेशमा बसेर फर्केका उपभोक्ताको पहिलो रोजाइ बन्नसक्ने उनको अनुमान छ ।

'बजारमा पाइने इँटालगायत सामग्रीभन्दा महँगो पर्दैन', उनले भने, 'हामी बजारकै रेटमा बेच्छौँ, तर नयाँ मार्केट भएकाले उपभोक्तालाई बुझाउनु हाम्रो लागि चुनौती छ ।' सडक निर्माणमा पनि टाइल्स प्रयोग गर्न सकिने उनको भनाइ छ । उनले सडकको धरातल हेरेर एक सय टनको भार क्षमता वहन गर्ने बताए ।

यहाँ उत्पादित होलो ब्लक, टाइल्स, इँटा निजी भवन, ठुला व्यावसायिक भवन, कलकारखाना, पुल र बाटोमा प्रयोग गर्न मिल्छ । थोरै खर्चमा मर्मत सम्भार गर्न सकिने अर्को फाइदा रहेको उनले बताए । पहिलोपटक अर्जुनधारा-७ स्थित फूलमती खोला किनारमा स्थापित प्रदूषणरहित उद्योगलाई सरकारले पहल गरे सहकार्य गर्दै प्रदूषण र नियन्त्रण गर्ने तथा टिकाउ हुने भौतिक संरचना निर्माणमा उद्योगले सहयोग गर्ने प्रालिले प्रस्ताव गरेको छ ।

गट्टानी र भट्टराईसँगै निकेश गट्टानी, गणेशबहादुर बस्नेत, सुरेशकुमार अग्रवाल, महेश चित्ल्याङ एन्ड ब्रदर्श, सुशीलकुमार अग्रवाल, सञ्जय बगडिया र साहिल अग्रवालले उद्योगमा लगानी गरेका हुन् ।

## बीऊ महँगिँदा किसान मर्कामा

**मोरङ, पुस १ ।** हिउँदे बालीका लागि अनुदानको बीऊ नपाउँदा किसान मर्कामा परेका छन् ।

मोरङका किसानले अनुदानको बीऊ पर्याप्त नपाउँदा महँगो मूल्यमा गहुँको बीऊ किन्न बाध्य भएका छन् । सरकारले मोरङका लागि ५३ टन गहुँको बीऊ अनुदानमा वितरण गर्ने भने पनि यो मागअनुसार निकै कम भएको कृषि प्राविधिकहरूले बताएका छन् ।

मोरङमा १४ हजार ५ सय हेक्टरमा गहुँ खेतीहुँदै आएको छ । यसका लागि करिब १ हजार ७५० टन बीऊ आवश्यक पर्ने भए पनि अनुदानको बीऊले धान्न सक्ने अवस्था नरहेको कृषि प्राविधिक सहायक उदयकुमार सिंहको भनाइ छ ।

बजारमा गहुँको बीऊको मूल्य प्रतिकेजी ६६ रूपैयाँ छ । बजारमा किन्दा यसभन्दा बढी मूल्य पर्छ । त्यसमा सरकारले आधा अनुदान दिएर उपलब्ध गराउने गरेको छ । तर, अनुदानको बीऊले माग धान्न नसकेपछि किसानले महँगोमा किनेर प्रयोग गर्ने गरेका छन् ।

कृषि कार्यालयले एक किसानका लागि बढीमा ४ बिघाका लागि प्रतिकट्ठा ५ किलोका दरले ४ सय किलो बीऊ उपलब्ध गराउँदै आएको छ ।

## अलैँचीको मूल्य उक्लियो, प्रतिमन ३२ हजार

**पाँचथर, पुस २ ।** पूर्वी पहाडको प्रमुख नगदे बाली अलैँचीको मूल्य बृद्धि भएको छ ।

व्यापारीले किसानबाट ग्रेडिङ गरेको अलैँची प्रतिमन ३२ हजार रूपैयाँसम्ममा खरिद गर्न थालेका छन् । चालु माल भनिने ग्रेडिङ नगरिएको अलैँची प्रतिमनमा २९ हजार रूपैयाँमा बिक्री हुन थालेको छ ।

अलैँचीको मूल्यमा शनिबारदेखि बृद्धि भएको हो । नेपाल अलैँची व्यवसायी संघका पाँचथर अध्यक्ष खेमनाथ अधिकारीले भारत र भुटानमा उत्पादित अलैँची अन्तर्राष्ट्रिय बजारमा सकिँदै गएकोले मूल्य बृद्धि भएको हुनसक्ने बताए ।

अलैँचीको मूल्यमा बृद्धि भएपछि किसानहरू उत्साहित भएका छन् । किसानहरूले मूल्य बृद्धिको आशमा बगानबाट टिपेको अलैँची घरमा थन्काएर राखेको व्यवसायीहरूको अपेक्षा छ । यसअघि निकै कम अलैँची बजारमा आएको थियो ।

भदौको अन्तिमदेखि बजारमा बिक्रीका लागि ल्याइँदा अलैँचीको मूल्य प्रतिमन ३५ हजारसम्म मूल्य निर्धारण गरिएको छ । तर, पछि मूल्य क्रमशः घट्दै २५ हजार रूपैयाँ आइपुगेको थियो । मध्य मंसिरदेखि भने मूल्यमा विस्तारै बृद्धि भएको छ ।

अलैँचीको मूल्य २ वर्षअघि सर्वाधिक १ लाख २० हजारसम्म पुगेको थियो । व्यापारीले मिसावटयुक्त अलैँची अन्तर्राष्ट्रिय बजारमा पुर्‍याएपछि मूल्य क्रमशः ओरालो लागेको हो । अलैँची खेतीका जानकार डा. पदम खतिवडा यसको प्रत्यक्ष मार किसानसँगै मुलुकको अर्थतन्त्रमा परेको बताउँछन् ।

## भलिबलको फाइनलमा कर्णाली विजयी



**बुद्धशान्ति, पुस २ ।** कर्णाली एजुकेशन फाउन्डेसन बुधबारेले शुक्रबार माविस्तरीय भलिबल प्रतियोगिता सम्पन्न गरेको छ ।

स्थानीय विद्यालय तथा विद्यार्थीहरूबीच भाइचारा सम्बन्ध स्थापित गर्ने उद्देश्यसहित आयोजना गरिएको प्रतियोगितामा बुद्धशान्ति लगायत अर्जुनधाराका समेत गरी ५ विद्यालय सहभागी थिए । प्रतियोगितामा आयोजकसहित बुद्धशान्तिका ज्योति अंग्रेजी स्कुल, जयपुर बोर्डिङ स्कुल, ब्राइटफ्युचर स्कुल बर्ने र रूपरत्न मेमोरियल स्कुल अर्जुनधारा प्रतिस्पर्धामा रहेको कर्णालीका प्रिन्सिपल गंगाराम गड्तौलाले जानकारी दिए ।

नक आउट प्रणालीमा खेलाइएको प्रतियोगिताको फाइनलमा आयोजक कर्णाली र रूपरत्न मेमोरियल स्कुल शनिश्चरे पुगेका थिए । कर्णालीले २५-२१, २५-२० स्कोरको सोझो सेटमा हराउँदै प्रतियोगिताको उपाधि हात पारेको छ । प्रतियोगितामा विजयी टिमहरूलाई अतिथि रूपरत्न मेमोरियल स्कुलका संस्थापक प्रिन्सिपल प्रभुकुमार श्रेष्ठले पुरस्कार तथा ट्रफी प्रदान गरेका थिए । विजेता टिमलाई नगद ५ हजारसहित ट्रफी तथा मेडल र उपविजेतालाई ३ हजार नगदसहित मेडल प्रदान गरिएको थियो ।


विवेचना अब तपाईंको खल्तीमा



bibechana.com तपाईं जहाँ भए पनि....

यदि तपाईंसँग Adobe Acrobat Reader छैन भने Google Play Store बाट Download गरी Install गर्नुहोस् र जुनसुकै ब्राउजरबाट www.bibechana.com/epaper खोल्नुहोस् र पाउनुहोस् हरेक दिनको इपेपर देखिएको मितिमा क्लिक गरेर इपेपर डाउनलोड गर्न सक्नुहुन्छ । जुन 1-2 MB डाटाको हुनेछ । डाउनलोड गरी जुनसुकै बेला Adobe Acrobat Reader बाट तपाईंले विवेचनालाई OFFLINE मा पढ्न सक्नुहुनेछ ।

एकचोटि डाउनलोड गर्नोस्, अफलाइन बसेर पढ्नुहोस्


## नेपाल इस्टर्न रिजन क्रिकेट च्याम्पियन....

अजयले ५ ओभरमा १६ रन दिए । नारायण जोशी र कुशल मल्ले समान १-१ विकेट लिए । सिंगापुरका लागि साइ हर्ष भेनुगोपालले सर्वाधिक ३१ रन बनाए । अरूण वाड्वाले २१, राउल शर्माले १५ र सान सावन्नेले १२ रन जोडे भने अन्य कुनै पनि ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

बैंककको ट्रेड थाइ क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धाति ३५ ओभरमा ६ विकेट गुमाएर १८३ रन बनाएको थियो । नेपालका लागि विशाल बिक्रम केसीले अर्धशतक पूरा गरे । ७९ बलको सामना गरेका विशालले ४ चौका र १ छक्काका साथ ६३ रन बनाए । नियमित कप्तान रित गौतम फाइनल खेलमा टोलीमा समावेश नभएपछि विशालले नै कप्तानी सम्हालेका थिए ।

चौँथो नम्बरमा ब्याटिङ गरेका विशालले छैठौं विकेटका लागि नारायण जोशीसँग मिलेर ३३ बलमा ४८ रनको साझेदारी गरे । त्यसअघि विशालले पाँचौ विकेटका लागि सुनिल भण्डारीसँग ६९ बलमा ४२ रनको साझेदारी निभाएका थिए । नारायण ४६ रनमा अविजित रहे । २३ बलको सामना गरेका नारायणले ५ चौका र १ छक्का प्रहार गरेका थिए ।

सुवास ऐर २२, तृतराज दास १९, सुनिल भण्डारी १५ रन बनाएर आउट भए भने प्रतिश जिसी १० रनमा अविजित रहे । कुशल मल्लले खाता खोल्न सकेनन् भने राजन मगरले ३ रन जोडे । सिंगापुरका इसान सनेले २ विकेट लिए । यसअघि नेपाल एसीसी यू १९ इस्टर्न रिजन च्याम्पियन बनेको थियो ।

### हिजोको सुनचाँदीको दरभाउ

| | |
|---|---|
| छापावाल सुन | रू. ५४,८००/- |
| तेजावी सुन | रू. ५४,५००/- |
| असल चाँदी | रू. ७३०/- |

प्रति तोलामा

सौजन्य
बालाजी ज्वेलर्स
बिर्तामोड, झापा
०२३-५४५८९१

### राशिफल

| | |
|---|---|
| मेष | । व्यवसायका लागि यात्राको सम्भावना छ । |
| वृष | । नयाँ ज्ञानले अध्ययनमा उत्साह जगाउनेछ। |
| मिथुन | । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। |
| कर्कट | । मेहनतले राम्रै प्रतिफल दिलाउनेछ । |
| सिंह | । पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ । |
| कन्या | । आमाको माध्यमबाट काम बनाउन सकिनेछ। |
| तुला | । स्वास्थ्यका लागि खानपानमा सचेत रहनुहोला। |
| वृश्चिक | । अवसरको खोजीमा निकै दौडधुप गर्नुपर्ला । |
| धनु | । सानो प्रयत्न गर्दा ठूलो परिमाणमा लाभ हुनेछ । |
| मकर | । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । |
| कुम्भ | । सञ्चित धन उपयोग गर्दा फाइदा हुनेछ । |
| मीन | । मेहनत गर्दा आस मारेको फल पुनः प्राप्त हुन सक्छ। |